# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८३।०४।११ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

अध्यागमन विभागको गैरपर्यटक शाखाका तत्कालीन कम्प्युटर अपरेटर (बरिष्ठ अध्यागमन सहायक) राजिव महतोले अध्यागमन सूचना प्रणाली (नेपाली पोर्ट) मा रहेको Traveller Centralization सुविधाको दुरूपयोग गरी लक्जेम्बर्गको नागरिकको नाममा जारी भएको आवासीय भिसालाई किर्ते गरी आवश्यक प्रक्रिया नपुगेको र आवासीय भिसा प्राप्त गर्न अयोग्य अमेरिकी नागरिकको नाममा एकीकृत गरी भिसा प्रिन्ट गरेको र सोही भिसा निज अमेरिकी नागरिकको राहदानीमा टाँस भएको देखिएकोले कारवाही हुन भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अध्यागमन विभागका गैरपर्यटक शाखाका तत्कालीन कम्प्युटर अपरेटर राजिव महतोसमेतको मिलेमतोमा कानुन बमोजिमको प्रक्रिया पुरा नगरी अधिकार प्राप्त अधिकारीबाट निर्णयसमेत नभएको तथा आवासीय भिसा जारी गर्दा तोकिएको राजस्व दाखिला नगरी **मिति २०८०/११/०९ (सन् 2024-02-21)** मा नेपाली पोर्ट प्रणालीमा रहेको **Traveller Centralization** सुविधाको दुरूपयोग गरी कानुनबमोजिम लक्जेम्बर्गका नागरिक **Paul Christian Pierre Geditz** (राहदानी नम्बरः **LCF4C7D2**) को नाममा जारी भएको भिसा सम्बन्धी सम्पूर्ण अभिलेखहरूलाई अमेरिकी नागरिक **Dean Jay Robinson** (राहदानी नम्बरः **648690062**) को नाममा एकीकृत (Traveller Centralize) गरेको तथा उक्त भिसा निज अमेरिकी नगरिकले प्राप्त गरी आफ्नो राहदानीमा टाँससमेत गरी सोही राहदानीको आधारमा निज नेपालमा बसोबास गरेको देखिँदा सरकारी अभिलेख यथावत राख्नुपर्ने कर्तव्यविपरीत नेपाली पोर्ट प्रणालीको दुरूपयोग गरी सरकारी अभिलेख सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गरी नेपाल सरकार तथा अध्यागमन विभागलाई हानिनोक्सानी पुऱ्याउने कार्य गरेको हुँदा प्रतिवादी राजिव महतोको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ तथा प्रतिवादी **Dean Jay Robinson** को उक्त कार्य सोही ऐनको दफा २२ बमोजिमको कसुरजन्य कार्य भएकोले उक्त कसुरमा संलग्न देहायबमोजिमका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | अध्यागमन विभागका तत्कालीन कम्प्युटर अपरेटर **राजिव महतो** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| २. | **अमेरिकी नागरिक Dean Jay Robinson** | मुख्य कसुरदार राजिव महतोले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसूरजन्य कार्यको मतियार भई कसूरजन्य कार्य गरी नगदी, जिन्सी वा अन्य कुनै सुविधा एवं लाभ राष्ट्रसेवक कर्मचारीलाई उपलब्ध गराइदिने र आफूसमेतले गैरकानुनी लाभ लिने बदनियतपूर्वक सोही ऐनको दफा २२ को |

| | | |
|---|---|---|
| | | प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर भएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ९ र ११ बमोजिम मुख्य कसूरदारलाई हुने कैद र जरिवाना सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसूरदार सरह कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने